बैठक संख्या: ४६।२०८२
बैठक मिति:२०८२।०३।१७ दिनको ११:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८२।०३।१७ गते मङ्गलबार विहान ११:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ बास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री प्रमोद कुमार चौधरी | प्रमुख प्रशासकीय अधिकृत | |



CamScanner

बैठक संख्या: ४६।२०८२
बैठक मिति:२०८२।०३।१७ दिनको ११:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थितिः कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | |
| २ | श्री विरेन्द्र सिगदेल | लेखा अधिकृत | |
| ३ | श्री दुर्गेश विश्वकर्मा | प्रशासन शाखा प्रमुख | |
| ४. | निरज चौधरी | स.क.अ | |
| ५. | | | |

प्रस्तावहरु.

१.प्रस्ताव नं. १: असार २७ गते रामधुनी मन्दिरलाई रामायण सर्किट जोड्ने सम्वन्धमा ।

२. प्रस्ताव नं. २: आ.व. २०८२।०८३ को वजेट विनियोजन ऐन सम्वन्धमा ।

३. प्रस्ताव नं. ३: विविध ।

निर्णयहरु

निर्णय नं.१

श्री सनातन धर्म सम्मान तथा कोशी प्रदेशका धार्मिक तीर्थस्थलहरुलाई विश्वसामु प्रवर्द्धन एवम रामधुनीको महत्वका विषयमा " चर्चा- परिचर्चा कार्यक्रम - २०८२" व्यवस्थापन संयोजन समिति, कोशी प्रदेश, नेपाल को च.न. ९४ मिति २०८२।०३।१६ गतेको प्राप्त पत्रको व्यहोरा कार्यपालिकामा छलफल गरियो। सो पत्रमा कोशी प्रदेशको धार्मिक स्थलको संरक्षण, रामधुनी मन्दिरको पहिचान प्रवर्द्धन, रामधुनी मन्दिरलाई रामायण सर्किटमा जोड्ने र कोशी प्रदेश सरकार द्वारा घोषित पर्यटन वर्ष २०८२ लाई सफल पुर्याउने उदेश्य भएकोले माग वमोजिम मिति २०८२।०३।२७ देखि हुने कार्यक्रम संचालनका लागि स्वकृती दिने साथै आवश्यक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं.२

रामधुनी नगरपालिकाको १८ औं नगर सभाको समापन कार्यक्रम मिति २०८२।०३।२० गते सुक्रबार समपन्न गर्ने निर्णय गरियो ।

बैठक संख्या: ४६।२०८२
बैठक मिति:२०८२।०३।१७ दिनको ११:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.३(क)**

रामधुनी नगरपालिकाको परिसरमा सि.सि. क्यामेरा जडान गर्नु पर्ने आवश्यक भएकोले उक्त क्यामेरा जडानको लागि प्राविधिक लागत अनुमान बमोजिमको रकम रु ६९,२८०।३ (भ्याट सहित) मेशिनरी औजार शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.३(ख)**

रामधुनी नगरपालिकाको आर्थिक वर्ष २०८१।०८२ मा E-Bidding मार्फत आव्हान गरेको ठक्का Lagauna Kumarkhat Dharan Sadak Kalopatre (ठक्का नं. RMY। NCB ।17। 081।082) निर्माण गर्ने क्रममा कुमरखत चौकको गोलाईमा सम्पूर्ण रुपले कालोपत्रे गर्न आवश्यक देखिएको हुनाले सो बाटो कालोपत्रे गर्दा भि.ओ. गर्न पर्ने भएकोले मिति २०८२।०१।०९ गते भि.ओ. जारी गरिएको र भि.ओ. गर्दा उक्त योजनामा ४.७५% ले हुन आउने थप रकम रू. २,७५,४०३।०३ (VAT & PS समेत) लाई सोही योजनामा बाँकी रहेको सकमबाट भुक्तानी गर्ने र उक्त भि.ओ. लाई अनुमोदन समेत गर्ने निर्णय गरियो।

**निर्णय नं.३(ग)**

मालपोत कार्यालय ईनरुवाको ढड्डा ब्यवस्थापन तथा कार्यालय सांचालन खर्च बापत रू ४ लाख कर्मचारी योगदानमा आधारित बिमा कोष खर्च शीर्षकबाट रु २ लाख र सवारी साधन विमा तथा नविकरण शीर्षक बाट रु ५० हजार गरि जम्मा रू २ लाख ५० हजार रकमान्तर गर्ने निर्णय गरियो।

**निर्णय नं.३(घ)**

रामधुनी नगरपालिकाको मर्मत संभार कोषमा दायित्व सिर्जना भएको अनुमानित रकम रु १०,००,०००। समपूरक कोष बाट भुक्तानी हुने गरि निर्णय गरियो ।

**निर्णय नं.३(ङ)**

रामधुनी नगरपालिकाको आ.व. २०८१।०८२ को योजना धमौरा सिंगिया जोड्ने र कारागर अगाडिको बाटो कालोपत्रे योजना लाई संसोधन गरि धमौरा सिंगिया जोड्ने र कारागार अगाडिको बाटो R.C.C ढलान गर्ने निर्णय गरियो ।

बैठक संख्या: ४६।२०८२
बैठक मिति:२०८२।०३।१७ दिनको ११:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.३(च)**

रामधुनी नगरपालिका वडा नं. १ को विभिन्न संस्थाको कार्याक्रममा विनियोजित रकम मध्येवाट वडा कार्यालयको लागि प्रिन्टर खरिद गरि रकम रु ३३,९००।- भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.३(छ)**

श्री दिन भद्री मन्दिर समिति रामधुनी - ६, बक्लौरी मैनी, सुनसरी को च.न. ११ मिति २०८२।२।१५ गतेको प्राप्त पत्रानुसार उक्त समितिले कार्यक्रम गरि खर्च भई आएको हुँदा उक्त कार्यक्रम लाई खर्च बमोजिम आएको रकम रू ३८,०००।- सवारी साधन विमा तथा नविकरण शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.३(ज)**

रामधुनी नगर सितो रियो कराँते कार्य समिति रामधुनी , सुनसरी को प्राप्त पत्रानुसार उक्त समितले चौथो टि.एस राई कप अन्तराष्ट्रिय कराते प्रतियोगिता सम्पन्न भई विल बमोजिमको खर्च बापत रकम रु. १,००,०००।- सवारी साधन विमा तथा नविकरण शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.३(झ)**

रामधुनि नगरपालिका वडा नं. ७ चौसट्ठी विघामा रहेको अब्यवस्थित वसोवासिलाई ब्यवस्थित गर्न गठित समिति र नापि कार्यालय सुनसरी को रेखाङ्कन प्रतिवेदन समेतको आधारमा अव्यवस्थित वसोवास रहेको र रामधुनी वडा नं. ७ का जग्गाहरु विभिन्न ब्यक्ती र संघ संस्थाको नाममा मालपोत कार्यालय सुनसरी दर्ता कायम रहेको हुँदा अव्यवस्थित बसोबासलाई ब्यवस्थित गर्ने प्रयोजनका लागि कसैको नाममा दर्ता कायम भएको भए प्रमाण सहित प्रथम पटक प्रकाशित सूचनाको मितिले ३५ दिन भित्र रामधुनी नगरपालिका वा वडा नं. ७ को कार्यालयमा सम्पर्क गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो।



CamScanner

बैठक संख्या: ४६।२०८२
बैठक मिति:२०८२।०३।१७ दिनको ११:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.३(य)**

नेपाल रेडक्रस सोसाइटी झुम्का उपशाखा सुनसरी को च.न. १५ मिति २०८२।०२।०८ गतेको प्राप्त पत्रानुसार उक्त उपशाखा लाई आर्थिक सहयोग बापतको रकम रु २५,०००। सवारी साधन विमा तथा नविकरण शीर्षक बाट भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.३(ट)**

रामधुनी नगरपालिकाको सत्रौ नगरसभाबाट बिनियोजित बजेट तथा कार्यक्रम अन्तर्गत दत्त किच्चा खोला ढेरी गाँउ धार परिवर्तन योजनाको लागि बिनियोजित बजेट रकम रु ५,००,०००/-(अक्षेरेपी पाँच लाख मात्र) बाट योजना संचालन गर्न श्री एस एस एस कन्स्ट्रक्सन,इटहरी -५ सुनसरी सँग मिति :२०८२/०२/१४ गते भएको सम्झौता र कार्यदेश बमोजिम को कार्य उक्त कम्पनीले सम्पन्न गरि सकेको अवस्थामा २०८२/०२/१७ गते दत्त किच्चा खोलामा राति आएको बाढीको कारण उक्त खोलामा निर्माण गरिएको बाँध बगाएको हुँदा तथा अस्थाइ प्रहरी पोष्ट पञ्चायन सुनसरीको सर्जिमिन मुचुल्का समेत पेश भएको हुँदा उक्त कार्यको लागि प्राविधिक लागत स्टिमेट तथा बिल भर्पाइको र अनुगमन मुल्याङ्कनको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं.३(ठ)**

रामधुनी न.पा. वडा नं. ३ स्थित रहेको संगिया खानेपानओ उपभोक्ता समिति ब्यवस्थापनका लागि रू १,००,०००। सवारी साधन विमा तथा नविकरण शीर्षक बाट रकमान्तर गर्ने निर्णय गरियो।



CamScanner